अविलम्ब प्रेषणका लागि

# विश्व बैंक

## वित्तीय क्षेत्र सुधारका लागि नेपालले सहायता पाउने

### स्वस्थ्य बैंकिङ्ग प्रणालीको विकासका लागि विश्व बैंकद्वारा ७ करोड ५५ लाख अमेरिकी डलरको कर्जा स्वीकृत

**वाशिङ्गटन, फागुन २७, २०६०** -विश्व बैंकले नेपाललाई वित्तीय क्षेत्रको चालु सुधार कार्यक्रमका लागि ७ करोड ५५ लाख अमेरिकी डलरको ऋण सहायता प्रदान गर्ने निर्णय गरेको छ। नेपालले आफ्ना नागरिकहरुलाई समावेशी तथा न्यायपूर्ण आर्थिक वृद्धिमार्फत गरिबी न्युनीकरण गर्न संचालन गरिरहेको वित्तीय क्षेत्रको स्वस्थ्य विकासको कार्य संरचनागत सुधारहरुमध्येको एक प्रमुख अङ्ग हो।

नेपालको बैकिङ्ग प्रणालीको संवेदनशील स्थितिलाई ध्यानमा राखी विश्व बैंकले सन् २००२ मा वित्तीय क्षेत्र प्राविधिक सहायता कर्जा स्वीकृत गरेको थियो। पहिलो चरणमा यस सहायतालाई नेपाल राष्ट्र बैंकको सुपरीवेक्षण क्षमता सुदृढ गर्न उपयोग गरिएको थियो। यसैक्रममा नेपालका दुई ठूला वाणिज्य बैंकहरु राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडको घाटा रोक्नका लागि व्यवस्थापन समुहहरुलाई भित्र्याइएको थियो। ती दुवै बैंकहरुलाई निजीकरणका लागि व्यावसायीक रुपमा संभाव्य तुल्याउन हालको अनुवर्ति **वित्तीय क्षेत्र पुनःसंरचना कार्यक्रम**बाट थप आर्थिक सहयोग उपलब्ध हुनेछ।

*'कर्जा असुलीमा भएको ढिलासुस्तीका कारण कतिपय कार्यकारी निर्देशकहरुले श्री ५ को सरकार सुधारका कठोर कदमहरु चाल्न कतिको प्रतिबद्ध छ भन्ने प्रश्न उठाएको मात्र नभई केहीले त यस परियोजनालाई समर्थन जनाउन नै आनाकानी गरे,'* नेपालका लागि विश्व बैंकका निर्देशक **केनईची ओहाशी** *भन्नुहुन्छ। 'चर्को मुल्य परेको स्वेच्छिक अवकास योजनाका कारणले गर्दा पनि श्रम कानुनहरुको अलचक प्रवृत्तिप्रति चिन्ता उत्पन्न गराएको थियो। किनभने, यसबाट सरकारी स्वामित्वका संस्थानहरुको तार्किक समायोजनका लागि सरकारलाई भार पर्ने मात्र नभई नेपालमा लगानी बढी खर्चिलो हुनगई निजी क्षेत्रको स्वस्थ्य विकासमा समेत बाधा पर्न जान्छ।'*

**स्वेच्छिक अवकास योजना**, **बजार सल्लाहकारहरुको नियुक्ती**, **नेपाल राष्ट्र बैंकको चालु सुधार कार्यक्रम**, **बैंक व्यवस्थापन समुहहरुलाई सहयोग** यस परियोजनाका मुख्य चारवटा अङ्गहरु रहने छन् ।

*'वित्तीय क्षेत्रमा विश्व बैंकको जारी यो संलग्नताले निहित स्वार्थको प्रतिरोधका लागि सुधार प्रक्रियामा विपन्न नेपालीहरुको आवाजको कदर हुने सामुहिक ईच्छाशक्तिको परीक्षण गरिरहनेछ ',* *नेपालका लागि बैंकका निर्देशक* **ओहाशी** *भन्नुहुन्छ । 'यो नयाँ कर्जाको अनुमोदनको गुणसन्देश त्यो हो कि कर्जा नतिर्ने मनसाय बोकेका ठूला ऋणीहरुलाई दपेट्ने जाँगर देखाएर सम्बद्ध निकायहरुले आफूले गर्नुपर्ने धर्म निर्वाह गरुञ्जेलसम्म विश्व बैंक यस प्रकारका कठिन सुधार कार्यहरुका लागि टेवा पुऱ्याउन तम्तयार रहिरहनेछ भन्ने नै हो । तर, त्यसो गर्ने प्रतिबद्धता डगमगाएमा बैंकले अवश्य नै पनि सहायता जारी राख्ने प्रश्नमा पुनर्विचार गर्न सक्नेछ ।'*

श्री ओहाशीको विचारमा स्वस्थ्य वित्तीय क्षेत्र त्यस्तो क्षेत्र हो, जहाँ सबैभन्दा उत्पादनशील आर्थिक प्रयोजनमा रकमको प्रवाह हुन सक्तछ । यसोगर्दा, स्वीकृत रकमबाट तर्कसंगत लगानी निर्णय, अझ दिगो किसिमको रोजगारीका अवसर, बढ्दो उत्पादन तथा निर्यात मार्फत समुच्च अर्थतन्त्र नै लाभान्वित भएर अन्तत: आर्थिक वृद्धि सबल रुपमा हुने हुन्छ । यसका साथै, उहाँले नेपालको गरिबी न्युनीकरणमा चालु बैकिङ्ग सुधार कार्यक्रमबाट परोक्ष रुपमा धेरै किसिमका महत्वपुर्ण प्रभावहरु पर्दछन् भन्ने कुरामा जोड दिनुभयो ।

विश्व बैंकको तर्फबाट सहुलियतपुर्ण ऋणसहयोग उपलब्ध गराउने संस्थाका रुपमा परिचित अन्तर्राष्ट्रिय विकास संस्थाको सहयोगमा संचालन हुने यस परियोजनालाई ६ करोड ८५ लाख अमेरिकी डलर ऋण तथा बाकीँ ७० लाख अमेरिकी डलर अनुदानका रुपमा प्राप्त हुनेछ । यस अघिको परियोजनाबाटै नेपाल राष्ट्र बैंकमा संस्थागत तथा कार्यान्वयन सम्बन्धी प्रबन्धहरु मिलाइसकिएको हुनाले यो सहायताराशीलाई चालु व्यवस्था मार्फत नै उपयोग गरिनेछ ।

नेपालमा विश्व बैंकका गतिविधिहरुबारे थप जानकारी चाहिएमा
http://www.vishwabank.org/np
http://www.worldbank.org/np
तथा
यस परियोजनाका बारे थप जान्न चाहेमा
http://web.worldbank.org/external/projects/mainP084219
वेब साइटमा प्रवेश गर्नुहुन अनुरोध छ ।